NJ: NUTA

# नेपाली साहित्यिक शब्दभण्डारले नेपाली छापा माध्यममा पारेको प्रभाव

**जनार्दन दाहाल**
सहायक प्राध्यापक, भानुभक्त बहुमुखी क्याम्पस
खैरेनी-बेलचौतारा, तनहुँ, पश्छिम नेपाल
Email for correspondence: jdahal@yahoolcom

## विषयप्रवेश

छापामा विचार संप्रेषण गर्ने महत्त्वपूर्ण र सशक्त माध्यम शब्दहरू हुन् । शब्दहरूको समूह शब्दभण्डार हो । शब्दभण्डार र छापा माध्यमको सम्बन्ध नङ र मासुकोझैं हुन्छ । शब्द भण्डारले भाषालाई परिष्कृत र स्तरीय बनाउन मद्दत पुग्छ । शब्दभण्डारका अनेक स्वरूप र प्रकारमध्ये साहित्यिक शब्दभण्डार पनि एक हो । शब्द कुनै क्षेत्रका पेवा हुँदैनन् । विषयवस्तु वा क्षेत्रअनुसार शब्दलाई प्रयोग गर्न सकिन्छ तापनि धेरैजसो साहित्यका क्षेत्रमा प्रयोग हुने शब्द जो छापा माध्यममा पनि उपयोग गरिन्छन् किनकि छापाभन्दा धेरै पहिले कला र साहित्यको जन्म भएको कुरालाई सहजै स्वीकार गर्न सकिन्छ । यस आलेखमा नेपाली साहित्यमा निरन्तर रूपमा प्रयोग भइरहेका शब्दभण्डार जो साहित्येतर क्षेत्रमा पनि प्रयोग हुने गर्छन् साथै कतिपय साहित्यमा मात्र प्रयोग हुन्छन्, दुबैले नेपाली छापा माध्यममा पारेको प्रभाव बारेमा छोटो रूपमा चर्चा गर्ने प्रयत्न गरिएको छ ।

## शब्दभण्डारको परिचय

भाषाको आधारभूत एकाइ शब्द हो । शब्दको एकीकृत वा समष्टिगत रूपलाई शब्दभण्डार भनिन्छ । यसलाई शब्द ढुकुटीका रूपमा पनि चिनिन्छ । रूपभन्दा ठूलो र पदावलीभन्दा सानो महत्त्वपूर्ण भाषिक एकाइ शब्द हो । शब्दविना भाषिक कार्य सम्पन्न हुन नसक्ने हुँदा यो भाषाको प्राण हो । नेपाली भाषाको शब्दभण्डार भनेको नेपाली भाषामा भएका सम्पूर्ण शब्दहरूको भण्डार वा ढुकुटी हो । शब्दभण्डार शब्दकोशभित्र सङ्गृहीत वा जनजिब्रोमा प्रचलित कोशभित्र  नसमेटिएका शब्द सहितको समष्टि रूप हो ।

मानवले गरेका आजसम्मका विभिन्न उपलब्धीको प्रमुख आधार नै भाषा हो । भाषाकै माध्यमबाट गरिने विज्ञान र प्रविधिको विकाससँगै भाषा परिवर्तन भइरहन्छ । यसरी परिवर्तित भाषा नै आधुनिक भाषा हो । आधुनिक भाषा सक्षम भाषा पनि मानिन्छ । नेपाली भाषाको जननी भाषा संस्कृत हो । यस्तै नेपाली भाषाका झर्रा शब्द तथा आगन्तुक शब्दहरूबाट नेपाली शब्दभण्डार भरिएको छ । यसरी नै विज्ञान तथा प्रविधि, शिक्षा, सञ्चार प्रविधि, कानुन, व्यापार वाणिज्य, राजनीति, इतिहास, पुराण साथै साहित्यसँग सम्बन्धित नेपाली शब्दभण्डारले नेपाली भाषा निरन्तर अत्याधुनिक हुँदै गइरहेको छ ।  यसै सन्दर्भमा भाषामा बढी प्रयोगमा आउने शब्द स्थिर हुने, नयाँ

शब्द थपिँदै जाने र पुराना शब्द हराउँदै जाने प्रक्रिया चलिरहन्छ । हाल नेपाली शब्दभण्डार विस्तृत र वृहत् हुँदै जाने प्रक्रियाबाट अगाडि बढिरहेको छ ।

कुनै पनि व्यक्तिमा कति धेरै ज्ञानको भण्डार छ भन्ने कुरा व्यक्तिभित्र रहेको शब्द ढुकुटीको आकलनबाट थाहा पाइन्छ । शब्द बुझाइका लागि शब्दभण्डार आवश्यक पर्छ । शब्दभण्डारका माथि उल्लिखित क्षेत्रअनुसार साहित्यिक क्षेत्र बुझ्न साहित्यिक शब्दभण्डारको आवश्यकता पर्छ । मूलतः साहित्यको संप्रेषण साहित्यिक कृतिमार्फत साथै अन्य छापा माध्यममार्फत हुन्छ । नेपाली साहित्यिक शब्दभण्डार नेपाली छापा माध्यममा विभिन्न स्तम्भमार्फत प्रस्तुत हुन्छन् ।

## छापा माध्यमको परिचय

सञ्चार सबै खाले सूचना, सन्देश वा जानकारी आदानप्रदान गर्ने उपयुक्त माध्यम हो । लिखित, मौखिक र सङ्केतका माध्यमबाट हुने विभिन्न प्रक्रियालाई यसले समेट्छ । सञ्चार यस्तो शक्ति हो जसका माध्यमबाट विश्वका ठूला ठूला परिवर्तनहरू भएका छन् । सञ्चारको सही सदुपयोगले मुलुकले चाँडै काँचुली फेर्छ । गाँस, वास र कपास जत्तिकै हाल सञ्चारलाई पनि अभिन्न अङ्गका रूपमा लिन थालिएको छ । हाम्रा हरेक क्रियाकलापमा सञ्चारले प्रत्यक्ष प्रभाव पारिरहेको वर्तमान सन्दर्भमा सञ्चार प्रक्रिया सञ्चालन गर्न आवश्यक पर्ने माध्यमलाई आमसञ्चार भनिन्छ । हुलाक, रेडियो, टेलिभिजन, चलचित्र, अनलाइन, इमेल, इन्टरनेट, मोवाइल, टेलिफोन आदिले यससँग प्रत्यक्ष  सम्बन्ध राख्छ । यिनै माध्यममध्ये छापा माध्यम वा समाचार पत्र  सञ्चारको सबैभन्दा प्रभावकारी माध्यम हो । प्रयोगात्मक नेपाली शब्दकोश (२०६१) ले छापा शब्दको अर्थ 'छापिएको वा मुद्रित सामग्री', 'पत्रपत्रिका पर्चा आदि' भनेर दिएको छ । यसरी नै यसैसँग जोडिएर प्रयोग हुने समाचार पत्रको अर्थ 'खवर छापिने पत्रपत्रिका, अखबार' भनेरसमेत अर्थ संप्रेषण गरेको छ । यसैले मुद्रित रूपमा प्रेसमा छापिने समाचारमूलक, मनोरञ्जनात्मक सामग्री नै छापा माध्यम हुन् भन्न सकिन्छ । वि.सं. १९५८ मा साप्ताहिक रूपमा प्रकाशन सुरु भएको गोरखापत्र नै नेपालको जेठो समाचार पत्र मानिन्छ । यसरी सुरुभएको छापा माध्यमले लामो इतिहास बोक्दै विभिन्न आरोह अवरोह पार गरी वर्तमान अवस्थासम्म आइपुगेको छ । हाल छापा माध्यम जनप्रिय बनेको छ । नेपालका केन्द्र, मोफसल र विदेशमा समेत नेपाली छापाहरूले समाचार संप्रेषण गरिरहेका छन् ।

## छापा माध्यममा प्रयोग हुने साहित्यिक शब्दभण्डार

छापा माध्यममा प्रयोग हुने साहित्यिक शब्दभण्डार असङ्ख्य छन् । नेपालका विभिन्न राष्ट्रिय दैनिक, साप्ताहिक, पाक्षिक र मासिक छापाहरूमा निरन्तर रूपमा साहित्य स्तम्भभित्र स्थान लिई प्रयोग भइरहेका शब्दभण्डारलाई उदाहरणका रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

### सामान्य शब्दहरू

अक्सर, अक्षर, अखण्ड, अगस्ति, अज्ञात, अधिक, अदूरदर्शी, अनुसन्धान, अन्तरवस्तु, अतुलनीय, अध्याय, अनुवाद, अभिमत, आवहवा, आर्य, आहूति इन्साफ, इज्जत, उठान, उद्यान, उपमा, उपहास, उषा, एकता, एकेडमी, एकान्त, औकात, औपचारिक, औपन्यासिक, औसत, कञ्चन, कन्धरा, कलह, कविता काकाकुल, कार्टुन, कृति कुसुम, केन्द्रित, खण्ड, खण्डहर, खबर, खरिद, खरो, खर्पन, खलास, खीर, खेद, खोर, गगन, गङ्गा, गठबन्धन, गणतन्त्र, गद्दार, गद्य, गरिब, गर्मी, गाण्डीव, गिद्धे, गुण, ग्लानि, घच्चा, घटना, घडी, घना, घमन्ड, घायल, घातक, घुमाउरो, घोसे, घोर्ले, चकमन्न, चक्षु, चञ्चल, चन्द्रमा, चन्द्रवदन, चपल, चाँद, चाँदनी, चिनारी, चुरे चेपारो,

चोट, च्याँखे, छटा, छन्द, छर्रा, छलाङ, छाँगो, छाल, छिँडी, छुसी, छेवर, जगत्, जगेर्ना, जनकवि, जननी, जनवाद, जन्जिर, जमानत, जवाफ, जागरण, जानकारी, जीर्ण, जीवन, जुलुम, जुवा, ज्ञानी, ज्वर, झमेला, झर्रो, झल्को, झाँकी, झारा, झुप्रे, झोल, झ्याप्प, टक्कर, टपरी, टाँकी, टाइम, टाइप, टार, ट्रक, ट्रली, ट्रेन, ठग, ठहरै, ठिमाहा, ठुटो, ठेगाना, ठोकुवा, डकैत, डलर, डाँक, डेरा, ड्राइभर, ढकनी, ढङ्ग, ढुङ्गो, ढोका, तगारो, तदनुसार, तनाव, तरबार, तस्विर, तारिख, तिहार, तीर्थ, तूफान, थरी, दर्द, दर्शन, दिवार, धन, धर्म, धतुरो, धीर, नामर्द, नाबालक, निकट,निगमन, निपात, नियोग, निष्पक्ष, नीद, नीर नेपथ्य, न्यून, पक्ष, पखेटा, पङ्क्ति, पठार, पतन, पराले, परिणाम, परिधि, परिबन्द, परिशीलन, परेली, पल्लव, पाउ, पाखो, पाप, पिँडी, पिरती, पिसाच, पसिना, पुण्य, पुरस्कार, पुर्खा, पुष्प, पूर्ववत, पेसा, पोथी, पोल, प्रकाशन, प्रतिकूल, प्रथम, प्रबन्ध, प्रवेश, प्रस्ताव, प्रयत्न, प्रवाह, प्रहार, प्राण, प्रीत फलामे, फाँट, फाहा, फुटकर, फूल, फेसन, बखत, बगैंचा, बचन, बतासे, बदला, बन्द, बयान, बर्खा, बाटो, बाहुनी बिन्दु, बुद्ध, बेकार बेदाग, ब्याज, भक्त, भर्ती, भय, भास, भुवन, भ्रम, भ्रूण, मङ्गल, मञ्च, मञ्चन, मञ्जुल, मधेस, मन, मयूर मर्म, मसान, माइती, माल, माहुरी, मुकुल, मुगा, मुर्दा, मेघ, मेला, मोज, मौन, मौलिक , यत्न,यत्रतत्र, यात्रा, यमक, याम, यावत, युग, यौन, रक्सी, रगत, रङ्ग, रती, रवि, रस, रात, रातो, रिन, रुखो, रोमान्स, लक्ष्य, लघु, लडाइँ, लप्टन, लर्को, लहर, लाछी, लाली, लिपि, लीन, लोक, लोकल, वचन, वर वसन्ती वाद, विध्न विफल, विरोध, विवाह, विसर्ग, विस्तृत, वृद्ध, वैकुण्ठ, वैशाख, व्यथा, शकुनि, शत्रु, राशि, शान्ति, शिखर, श्रुति, श्रेष्ठ, श्वास संयोग, संशोधन, संस्करण, संवाद, सगुन, सङ्गीत, सम्पादन, सहमति, साधना, सामीप्य, सारथि, साहित्य, सिन्धु, सुर, सुर्ता, सूक्ति, सूचना सेतु, स्खलन, स्तुति, स्थूल, स्वच्छन्द, स्वरुप, स्वर्ग, हक, हजुर, हतार, हतियार हरिण, हावा, हिउँद, हिन्दु, हैजा, होटल, आदि ।

### उखान टुक्काहरू

आफू भलो त जगतै भलो, आफू नमरी स्वर्ग देखिँदैन, कर्कलाको पानी , कुकुर भुक्दै छ हात्ती हिँड्दै छ, गधालाई धोएर गाई बनाउन सकिन्न, देख्नेका आँखा फुटे सुन्नेका सही, मही माग्ने ढुङ्ग्रो लुकाउने, गोहीका आँसु, भात लाग्नु, मात लाग्नु, हावा खानु, ओरालो लाग्नु, टाउको खानु, खुट्टा कमाउनु आदि ।

माथि उल्लिखित शब्द तथा पदावलीहरू विभिन्न समाचार पत्रका वि.सं. २०६९/०७० का विभिन्न अङ्कहरू जसमा गोरखापत्र-शनिवार, कान्तिपुर-कोशेली, अन्नपूर्णपोष्ट-शैली, नागरिक-अक्षर, राजधानीका विभिन्न स्तम्भ, साहित्यिक समाचार आदिसँग सम्बन्धित पृष्ठबाट सङ्कलन गरिएका हुन् । यी शब्दहरू कतिपय विशुद्ध साहित्यिक नभए पनि यिनलाई साहित्यिक रचनामा उपयोग गरिएका छन् । यसैगरी समाचार सम्प्रेषण गर्दासमेत समाचारका शीर्षक तथा अनुच्छेदहरूमा साहित्यिक शब्दभण्डारको उपयोग गरिन्छ । यस्ता शब्दावलीहरू कतिपय बिम्बात्मक रूपमा , कतिपय उखान टुक्काका रूपमा, कतिपय लोकोक्ति आदिका आधारमा समावेश गरिएका हुन्छन् । यस्ता स्तम्भ वा समाचारभित्र प्रयोग हुने शब्द, वाक्य वा वाक्यांशहरूले छापा माध्यममा विभिन्न सकारात्मक वा नकारात्मक प्रभाव पार्छन् जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

## साहित्यिक शब्दभण्डारले छापामा पारेको प्रभाव

### सकारात्मक प्रभाव

१. साहित्यिक शब्दभण्डारले छापा माध्यमको स्तरीयता बढ्ने,

२. भाषा साहित्यको समृद्धिमा सहयोग पुग्ने ,

३. नेपाली भाषा साहित्यको प्रचार प्रसारमा सहयोग पुग्ने,
४. विभिन्न स्तम्भमार्फत एकै ठाउँमा धेरै विधा समेटिने हुँदा पठनपाठनमा विविधताको महसुस पाठक वर्गले गर्ने ,
५. साहित्यकारहरूले आफ्ना भावनाहरू प्रस्तुत गर्ने स्थान पाउने,
६. श्रष्टाहरूलाई लेखन कार्यमा प्रोत्साहन मिल्ने साथै विधागत विकासमा योगदान पुग्ने,
७. विश्व साहित्यबारे सर्वसाधारणलाई जानकारी हुने,
८. एकहोरो रूपमा राजनैतिक उतारचढाव, अनियमितता, भ्रष्टाचार, तीव्र सरकार परिवर्तन, राजनीतिक अस्थीरताजस्ता समाचारबाट वाक्क भएका पाठकलाई स्वस्थ मनोरञ्जन दिने,
९. छापा माध्यमको खरो भाषा शालीन हुन जाने ,
१०. छापा माध्यमलाई साहित्यिक शब्दभण्डारले रोचक बनाउने,
११. छापाको साजसज्जामा विशेष सहयोग पुग्ने,
१२. साहित्यिक स्तम्भ वा विधाका कारण बिक्री वितरणमा सहयोग पुग्ने,
१३. लोक साहित्यको संरक्षणमा मद्दत पुग्ने,
१४. विभिन्न अनुसन्धान कर्ताका लागि महत्त्वपूर्ण सामग्री बन्ने ।

## नकारात्मक प्रभाव

१ छापामा साहित्यिक शब्दभण्डारको प्रयोगले भाषा जटिल बन्ने,
२. छापाले स्तरीयता ग्रहण गरे पनि पाठकको अभाव हुन सक्ने,
३ विविध बिम्ब, प्रतीकहरूले दोहोरो अर्थ व्यक्त गर्ने हुँदा अर्थको अनर्थ लाग्न सक्ने,
४. विभिन्न विधा मिश्रणका कारण रुचिक्षेत्र छानेर पढ्न झन्झट हुने,
५. बढी साहित्यिक शब्दभण्डारको प्रयोगबाट छापा साहित्यिक हो वा समाचारमूलक हो छुट्याउन गाह्रो हुने,
६. साहित्यिक स्तम्भमा साहित्य संप्रेषण गर्दा साहित्यिक पदक्रम वा पदविचलन भई पाठकलाई बुझ्न कठिन हुने,
७. साहित्यिक शब्दभण्डारको प्रयोग गर्ने नाममा त्रुटिपूर्ण शब्दहरूको प्रयोगले छापा माध्यमको विश्वसनीयता घट्ने तथा पाठकमा निरासा र अविश्वास पैदा हुने

## सन्दर्भ ग्रन्थसूची

अधिकारी, हेमाङ्गराज (२०५०), **नेपाली भाषा शिक्षण**, काठमाडौं : कुञ्जल प्रकाशन
..................र अन्य (सम्पा.) (२०६१), **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार
उप्रेती, टङ्क (२०६६), **सञ्चार अनुसन्धान पद्दति र अध्ययन**, काठमाडौं : साझा प्रकाशन
पोखेल, वालकृष्ण (सम्पा.) (२०५२), **नेपाली वृहत शब्दकोश**, काठमाडौं : ने.रा.प्र.प्र.
भण्डारी, अखण्ड (२०६९), **समाचारको भाषा**, काठमाडौं : लेखक स्वयम्
वस्ती, शरदचन्द्र (सन् २००६), **हाम्रो भाषा**, काठमाडौं : हिमाल किताव
शर्मा, मोहनराज (२०६१), **शब्द रचना, वर्ण विन्यास, वाक्यतत्त्व अभिव्यक्ति र पाठहरू**, काठमाडौं : नवीन प्रकाशन
**मधुपर्क**का २०६७, २०६८, २०६९, २०७० का विभिन्न अङ्कहरू
**कान्तिपुर** : कोशेलीका विभिन्न अङ्क
**नागरिक** : अक्षरका विभिन्न अङ्क
**गोरखापत्र** : शनिवारका विभिन्न अङ्क